# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) धनगढी, नेपाल, असोज २८ गते, २०८३ साल (अतिरिक्ताङ्क ११


## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

**सुदूरपश्चिम प्रदेश निजामती सेवा (तेस्रो संशोधन) नियमावली, २०८३**



सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकाले सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३१ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यी नियमहरूको नाम "सुदूरपश्चिम प्रदेश निजामती सेवा (तेस्रो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ।

२. सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २४ख. मा संशोधनः मूल नियमावलीको नियम २४ख. को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय आफैले वा अन्तर्गतका निकायले सम्पादन गर्नसक्ने प्रकृतिको कार्य गर्न अस्थायी संरचना खडा हुने छैन।

तर प्रदेश सरकारबाट संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षणको कार्य सम्पन्न गरी स्थायी दरबन्दी स्वीकृत नभएसम्मका लागि यसअघि अस्थायी दरबन्दी स्वीकृत भई निरन्तरता प्राप्त अस्थायी दरबन्दी संख्यामा नबढ्ने गरी अस्थायी दरबन्दी स्वीकृत गर्न यस उपनियमले बाधा पर्ने छैन।"

आज्ञाले,
तेज प्रकाश जोशी
प्रदेश सरकारको सचिव।



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-